नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
काठमाडौं

# पूर्ण समय व्यवसाय सञ्चालन सम्बन्धी आचारसंहिता एवम् सुरक्षा व्यवस्थापन मापदण्ड, २०८०

जिल्ला सुरक्षा समिति, काठमाडौंबाट मिति २०८०/१२/३० मा स्वीकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, काठमाडौं

# पूर्ण समय व्यवसाय सञ्चालन सम्बन्धी आचारसंहिता एवं सुरक्षा व्यवस्थापन मापदण्ड, २०८०

प्रस्तावना

काठमाडौं जिल्लाभित्रका तोकिएका स्थानमा रहेका बजारलाई मर्यादित, व्यवस्थित र सुरक्षित रूपमा चौबीसै घण्टा खुला राखी आम नागरिकलाई आफूलाई अनुकूल हुने समयमा सेवा लिनदिनका लागि सबै किसिमका व्यवसाय सञ्चालनमा ल्याई उपभोक्ताले बजारमा व्यतित गर्ने समय वृद्धिबाट लाभ प्राप्ति तथा पर्यटकीय गतिविधिको प्रवर्द्धन लगायतका माध्यमबाट बजार तथा अर्थतन्त्रलाई चलायमान बनाई राजधानी शहरको आर्थिक तथा साँस्कृतिक अभिवृद्धिमा टेवा पुऱ्याउन वाञ्छनीय भएकोले जिल्ला सुरक्षा समिति काठमाडौंबाट सुरक्षा चुनौती विश्लेषण समेतका आधारमा गृह मन्त्रालयको पूर्ण समयमा व्यवसाय सञ्चालन सम्बन्धी कार्यविधि, २०७९ को अधीनमा रही जिल्ला सुरक्षा समिति काठमाडौंले यो आचारसंहिता एवं मापदण्ड बनाई लागू गरेको छ।

## परिच्छेदः एक
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो आचारसंहिता र मापदण्डको नाम "पूर्ण समय व्यवसाय सञ्चालन सम्वन्धी आचारसंहिता एवं सुरक्षा व्यवस्थापन मापदण्ड, २०८०" रहेको छ।

(२) यो आचारसंहिता एवं मापदण्ड जिल्ला सुरक्षा समितिको सिफारिस समेतका आधारमा स्थानीय प्रशासनले सूचना प्रकाशन गरी काठमाडौं जिल्लाभित्रका तोकिएको स्थानमा तोकिएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो आचारसंहिता एवं मापदण्डमा,

(क) "आचारसंहिता एवं मापदण्ड" भन्नाले पूर्ण समय व्यवसाय सञ्चालन सम्वन्धी आचार संहिता एवं सुरक्षा व्यवस्थापन मापदण्ड, २०८० लाई सम्झनु पर्छ।

(ख) "उपभोक्ता" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई पूर्ण समय व्यवसाय सञ्चालनका लागि तोकिएको स्थानमा सञ्चालित सबै किसिमका ब्यापार-व्यवसायजन्य कारोबारमा उपलव्ध वस्तु तथा सेवाको उपयोग, उपभोग र जानकारी लिनका लागि आउने स्वदेशी तथा विदेशी नागरिकलाई सम्झनु पर्छ।

(ग) "कार्यविधि" भन्नाले गृह मन्त्रालयबाट जारी भएको "पूर्ण समय व्यवसाय सञ्चालन सम्बन्धी कार्यविधि, २०७९" लाई सम्झनु पर्छ।

(घ) "घरधनी" भन्नाले पूर्ण समय व्यवसाय सञ्चालनका लागि तोकिएको स्थानमा प्रचलित कानून बमोजिम निर्माण भएका आवासीय तथा व्यवसायिक भवनका धनी व्यक्ति, साझेदार समूह एवं कम्पनीलाई सम्झनु पर्छ।

(ङ) "जिल्ला सुरक्षा समिति" भन्नाले स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम गठित जिल्ला सुरक्षा समिति, काठमाडौंलाई सम्झनु पर्छ।

(च) "पूर्ण समय" भन्नाले अविच्छिन्न रूपमा चौबिसै घण्टाको अवधिलाई सम्झनु पर्छ।

(छ) "बजार क्षेत्र" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई पूर्ण समय व्यवसाय सञ्चालनका लागि तोकिएको स्थानमा अवस्थित सबै किसिमका व्यापार व्यवसाय हुने स्थानलाई सम्झनु पर्छ।

(ज) "मनोरञ्जनात्मक व्यवसाय" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई पूर्ण समय व्यवसाय सञ्चालनका लागि तोकिएको स्थानमा सञ्चालनमा रहेका रेस्टुरेन्ट एण्ड बार, गजल बार, लाउञ्ज बार, पब बार, लाइभ ब्याण्ड, लोकदोहोरी, डान्स रेस्टुरेन्ट, डिस्कोथेक वा यस्तै प्रकृतिका मनोरञ्जनसँग सम्बन्धित व्यवसायलाई सम्झनु पर्छ।

(झ) "व्यवसाय" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई पूर्ण समय व्यवसाय सञ्चालनका लागि तोकिएको स्थानमा सञ्चालनमा रहेका सबै किसिमका वस्तु तथा सेवासँग सम्वन्धित उद्योग, व्यापार-व्यवसायलाई सम्झनु पर्छ।

(ञ) "व्यवसायी" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई पूर्ण समय व्यवसाय सञ्चालनका लागि तोकिएको स्थानमा सञ्चालित सबै किसिमका वस्तु तथा सेवासँग सम्वन्धित उद्योग, ब्यापार-व्यवसायजन्य कारोबार गर्ने व्यक्ति वा फर्म वा कम्पनीलाई सम्झनु पर्छ र यो शब्दले सेवा प्रदायकलाई समेत जनाउनेछ।

(ट) "श्रमिक" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई पूर्ण समय व्यवसाय सञ्चालनका लागि तोकिएको स्थानमा सञ्चालित वस्तु तथा सेवासँग सम्वन्धित सबै किसिमका ब्यापार-व्यवसायजन्य कारोबारस्थलमा कार्यरत कर्मचारी, कामदार, मजदुर समेतलाई सम्झनु पर्छ।

(ठ) "स्थानीय प्रशासन" भन्नाले स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम जिल्ला प्रशासन कार्यलय काठमाडौंलाई सम्झनु पर्छ।

(ड) "स्थानीय बासिन्दा" भन्नाले पूर्ण समय व्यवसाय सञ्चालनका लागि तोकिएको स्थानभित्रका कुनै तोकिएको टोलका आवासिय घरहरूमा बसोबास गर्ने व्यक्तिलाई सम्झनु पर्छ। सो शब्दले तोकिएको स्थानभित्रका व्यवसायिक प्रयोजनमा भाडामा लगाइएको घरको कुनै भागमा बसोबास गर्ने अन्य व्यक्तिलाई समेत जनाउँछ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
काठमाडौं

## परिच्छेदः दुई

## व्यवसायी, उपभोक्ता र श्रमिकले पालना गर्नु पर्ने आचारसंहिता

३. **व्यवसायीले पालना गर्नु पर्ने आचारसंहिताः** (१) पूर्ण समय व्यवसाय सञ्चालनका लागि तोकिएको स्थानमा सञ्चालित सबै किसिमका व्यवसाय गर्ने व्यवसायीले देहायका आचारसंहिता पालना गर्नु पर्नेछः-

(क) व्यवसायीले आफूले सञ्चालन गर्ने व्यवसाय गर्दा अनिवार्य रूपमा कार्यविधिको दफा (३) सँग सम्वन्धित दर्ता लगायत सम्पूर्ण प्रमाणपत्रहरू सबैले देख्ने गरी राख्नु पर्नेछ।

(ख) सार्वजनिक सदाचार र नैतिकताको आधारभूत मूल्य मान्यताको प्रतिकूल नहुने गरी व्यवसाय सञ्चालन गर्नुपर्नेछ।

(ग) विना कुनै भेदभाव पहिले आउने उपभोक्तालाई पहिले सेवा प्रदान गर्नुपर्नेछ।

(घ) उपभोक्ताले स्पष्ट रूपमा बुझ्ने गरी सबैले देख्ने ठाउँमा आफूले प्रदान गर्ने वस्तु तथा सेवाको प्रकृति र सो वस्तु तथा सेवा प्राप्त गरे वापत उपभोक्ताले तिर्नुपर्ने मूल्यको सूची राख्नु पर्नेछ।

(ङ) सम्बन्धित निकाय वा अधिकारीले माग गरेका बखत आफूले प्रदान गर्ने वस्तु तथा सेवासँग सम्बन्धित विवरण तथा कागजात उपलब्ध गराउनु पर्नेछ।

(च) उपभोक्तालाई वस्तु तथा सेवा उपलब्ध गराए वापतको रकम लिएपछि त्यसको बिल वा रसिद उपलब्ध गराउनु पर्नेछ।

(छ) वस्तु वा सेवामा कुनै किसिमको ग्यारेण्टी वा वारेण्टीको व्यवस्था भएमा त्यस्तो व्यवस्थाको पालना गर्नु पर्नेछ।

(ज) उपभोक्तालाई अनावश्यक रूपमा दबाब दिने, सहज आवागमनमा अवरोध सृजना गर्ने, इच्छा विपरित वस्तु तथा सेवा खरीद वा अन्य कार्यको लागि दबाब दिने, व्यवसायिक लाभका लागि कमिसन दिन वा सोका लागि उत्प्रेरित गर्न पाइने छैन।

(झ) विद्यमान श्रम ऐनको प्रावधान अनुरुप कामदार श्रमिक कर्मचारीहरूलाई न्यूनतम मासिक पारिश्रमिक उपलब्ध गराउनुका साथै कामदार कर्मचारीहरूको बिदाको व्यवस्था, अतिरिक्त काम गरे बापतको प्रोत्साहन तथा सिफ्ट अनुसार काम गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।

(ञ) अठार वर्ष नपुगेका नावालिगलाई कुनै पनि व्यवसायमा कामदारको रूपमा राख्न नपाइनुका साथै विद्यमान बाल अधिकार सम्बन्धी ऐनका प्रावधान प्रतिकूल हुने गरी कुनै कार्य गर्न पाइने छैन।

(ट) व्यवसायीले अठार वर्ष उमेर पूरा नभएका नावालिग व्यक्तिलाई मदिराजन्य तथा सुर्तीजन्य पदार्थ बिक्री वितरण गर्न पाइने छैन। अठार वर्ष उमेर पुरा भएका व्यक्तिलाई समेत

मदिराजन्य तथा सुर्तीजन्य पदार्थको बिक्रितरण गर्दा प्रचलित कानून, सामाजिक मर्यादा र मानव स्वास्थ्यको पूर्ण ख्याल राख्नु पर्नेछ।

(ठ) व्यवसायस्थलमा कार्यरत श्रमिकलाई पद अनुसारको परिचयपत्र, रात्रिकालीन भोजन, र रात्रिकालीन समयमा निवासस्थलसम्म पुग्ने यातायातको व्यवस्था आदि सुविधाहरू प्रदान गर्नुपर्नेछ ।

(ड) व्यवसायीले प्रचलित उपभोक्ता हकहित संरक्षण सम्बन्धी कानून र मान्यता प्रतिकूल नहुने गरी उपभोक्तालाई उपलब्ध गराउने वस्तु तथा सेवाको मूल्य, परिमाण, शुद्धता र गुणस्तर सुनिश्चित गर्नुपर्नेछ।

(ढ) व्यवसायस्थलमा आउने उपभोक्ताको मान सम्मानमा ठेस नपुऱ्याउने गरी सौहार्द्रपूर्ण व्यवहार र वातावरणको सुनिश्चितता गर्नुपर्नेछ।

(ण) वस्तु तथा सेवाको व्यवसाय दर्ता गर्दा तोकिएको उद्धेश्य विपरीत अन्य प्रकृतिको व्यवसाय सञ्चालन गर्न पाइने छैन।

(त) सम्बन्धित स्थानीय तह र स्थानीय प्रशासनको स्वीकृति बिना फुटपाथ तथा सडक अवरूद्ध हुने गरी सडकमा कुनै पनि किसिमको व्यवसाय सञ्चालन गर्न गराउन पाइने छैन।

(थ) महिला श्रमिकको हकमा बालबच्चा भएको खण्डमा सुरक्षित कोठामा स्तनपानको व्यवस्था गर्ने तथा पोशाक परिवर्तन गर्ने छुट्टै कक्षको प्रबन्ध गरी व्यक्तिगत गोपनियताको संरक्षण गर्ने व्यवस्था मिलाउनुपर्नेछ।

(द) आफ्नो व्यवसायिक प्रयोजनको लागि प्रयोगमा रहेका शौचालयलाई सबैले बुझ्ने र देख्ने किसिमको सांकेतिक चिन्ह राखी "सार्वजनिक शौचालय" का रूपमा प्रयोगमा ल्याउनुपर्नेछ र सरसफाईको समुचित व्यवस्था समेत व्यवसायी आफैले मिलाउनुपर्नेछ।

(ध) पूर्ण समय सञ्चालन हुने बजार क्षेत्रका व्यवसायीले प्रचलित कानून (संघ, प्रदेश र स्थानीय तहले जारी गरेका आर्थिक ऐन) बमोजिम तोकिएको चालु आर्थिक वर्षसम्मको कर, दस्तुर तथा शुल्क तिरे बुझाएको हुनुपर्नेछ ।

४. **उपभोक्ताले पालना गर्नु पर्ने आचारसंहिताः** (१) पूर्ण समय व्यवसाय सञ्चालनका लागि तोकिएको स्थानको व्यवसायस्थलमा आउने उपभोक्ताले देहायका आचारसंहिता पालना गर्नु पर्नेछ,-

(क) सार्वजनिक सदाचार र नैतिकताको आधारभूत मूल्य मान्यताको प्रतिकूल नहुने गरी व्यवसायी र कामदारसँग सौहार्द्रपूर्ण व्यवहार गर्नुपर्नेछ।

(ख) आफूले खरीद गर्ने वस्तु तथा सेवाको गुणस्तर, मूल्य र परिमाण सुनिश्चित गरी बिलबिजक लिनुपर्नेछ।

(ग) मध्यपान, धूमपान, लागूपदार्थ सेवन गरेर व्यवसायस्थलमा प्रवेश गरी अनुचित व्यवहार गर्न पाइने छैन।

(घ) व्यवसायस्थलमा प्रवेश गरी गुण्डागर्दी, ठगी, लुटपाट, चोरी जस्ता अपराधजन्य क्रियाकलाप गर्ने वा व्यवसायीलाई व्यवसाय गर्न त्रसित हुने गरी कुनै पनि गैरकानूनी क्रियाकलाप गर्न पाइने छैन।

(ङ) सार्वजनिक शान्ति भंग हुने किसिमको कुनै पनि गतिविधि गर्न पाइने छैन।

(च) व्यवसायस्थलमा घुइँचो भएको अवस्थामा अन्य उपभोक्ताको हकहितलाई समेत मध्यनजर गरी पङ्क्तिबद्ध भई आफ्नो पालोमा मात्र वस्तु तथा सेवा खरीद गर्ने गरी असल आचरण प्रस्तुत गर्नुपर्नेछ।

(छ) व्यवसायस्थलमा गैरकानूनी गतिविधि भएको देखेमा वा जानकारी पाएमा त्यसको जानकारी सम्बन्धित नियामक निकाय वा नजिकको प्रहरीलाई दिनुपर्नेछ।

(ज) सडकमा होहल्ला गर्ने, सडकमा खाने पिउने तथा अवाञ्छित क्रियाकलाप गर्न पाइने छैन।

(झ) अठार वर्ष उमेर पूरा नगरेका नावालिग व्यक्तिले मदिराजन्य तथा सुर्तीजन्य पदार्थ उपभोग गर्न पाइने छैन। अठार वर्ष उमेर पुरा भएका उपभोक्ताले समेत मदिराजन्य तथा सुर्तीजन्य पदार्थको उपभोग गर्दा प्रचलित कानून, सामाजिक मर्यादा र मानव स्वास्थ्यको पूर्ण ख्याल राख्नु पर्नेछ।

(ञ) स्थानीय व्यक्ति बाहेकका आगन्तुकलाई आवतजावत गर्न नपाइने भनी तोकिएको आवासीय क्षेत्र भित्र प्रवेश गर्न र त्यस्ता क्षेत्रमा प्रवेश गरी फोहोरमैला गर्ने तथा स्थानीय बासिन्दालाई असर पर्ने किसिमको अमर्यादित एवं उच्छृङ्खल क्रियाकलाप गर्न पाइने छैन।

५. **मनोरञ्जनात्मक व्यवसाय गर्ने व्यवसायीले पालना गर्नु पर्ने आचारसंहिताः** (१) माथि दफा (३) मा उल्लेखित आचारसंहिताको अतिरिक्त मनोरञ्जनात्मक व्यवसाय गर्ने व्यवसायीले देहायका आचारसंहिता समेत पालना गर्नु पर्नेछ,-

(क) व्यवसायमा संलग्न श्रमिकको नाम थर वतन सहितको वैयक्तिक विवरणको लगत तयार पारेर राख्नुपर्नेछ।

(ख) डान्स रेष्टुरेन्ट एण्ड बार, दोहोरी, लाइभ व्याण्ड, लाउन्ज बार, पव बार, क्लव र डिस्कोथेक जस्ता व्यवसायमा अठार वर्ष मुनिका बालबालिकाहरूलाई ग्राहकको रूपमा प्रवेश गराउन पाइने छैन ।

(ग) श्रमिकहरूलाई रात्रिकालीन समयमा सुरक्षित रूपमा बासस्थानसम्म पुऱ्याउने प्रबन्ध गर्नुपर्नेछ।

(घ) कार्यविधिको दफा (९) बमोजिम व्यवसायीले व्यवसायस्थलमा यौन उत्पीडन, यौन शोषण र अमर्यादित व्यवहार नहुने अवस्था सुनिश्चित गरी श्रमिक महिलाहरूको आत्मसम्मानपूर्वक काम गर्ने वातावरण तय गर्नुपर्नेछ।

(ङ) महिला श्रमजिवी तथा कर्मचारीले पोशाक परिवर्तन गर्ने कोठामा सि.सि. क्यामरा लगायतका उपकरण राख्न पाइने छैन।

(च) राति १० बजेपछि साङ्गितिक मनोरञ्जन सहितको सेवा प्रदान गर्ने व्यवसायीले अनिवार्य रूपमा ध्वनि नियन्त्रण (Sound Proof) को व्यवस्था गर्नु पर्नेछ। ध्वनि नियन्त्रण (Sound Proof) को व्यवस्था नगरी खुला वा ध्वनि नियन्त्रित कक्ष बाहिरको स्थानमा ध्वनि प्रदुषित हुने गरी व्यवसाय्य गर्न पाइने छैन ।

(छ) सेवाप्रदायक र सेवाग्राहीले पालना गर्नुपर्ने जिम्मेवारी तथा दायित्व सबैले देख्न र पढ्न सक्ने गरी सूचना पाटीमा राख्नु पर्नेछ ।

(ज) कलाकारहरूले गायन तथा नृत्य प्रदर्शन गर्दा अश्लिलता प्रदर्शन नहुने गरी स्वस्थ मनोरञ्जन दिने गरी गायन तथा नृत्य प्रदर्शन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(झ) अन्य व्यक्तिको स्वास्थ्यलाई प्रतिकूल असर नपर्ने गरी धूमपान वा सूर्ती सेवन गर्ने प्रयोजनका लागि छुट्टै कक्षको व्यवस्था गर्नु पर्नेछ ।

(ञ) व्यवसायबाट निस्कने धुँवा, ध्वनि, फोहरबाट वातावरणमा कुनै प्रतिकूल असर पार्न पाइने छैन र त्यसको पूर्ण व्यवस्थापन व्यवसायीले गर्नुपर्नेछ।

(ट) प्रदेश आर्थिक ऐनमा तोकिए बमोजिमको व्यवसायस्थल प्रवेश तथा बिल बमोजिमको मनोरञ्जन कर दाखिला गर्नुपर्नेछ ।

६. **श्रमिकले पालना गर्नु पर्ने आचारसंहिताः** (१) पूर्ण समय व्यवसाय सञ्चालनका लागि तोकिएको स्थानमा सञ्चालित सबै किसिमका वस्तु तथा सेवासँग सम्वन्धित व्यवसायस्थलमा कार्यरत श्रमिकले देहायका आचारसंहिता समेत पालना गर्नु पर्नेछ,-

(क) व्यवसायस्थलमा तोकिएको पोशाक र परिचयपत्र लगाउनुपर्नेछ।

(ख) व्यवसायी र श्रमिकबीच भएको करारनामामा उल्लेखित सर्त बन्देजको परिपालना गर्नुपर्नेछ।

(ग) व्यवसायस्थलमा मध्यपान, धूमपान तथा लागूपदार्थ सेवन गर्न पाइने छैन।

(घ) महिला श्रमिकको हकमा बालबच्चा भएको खण्डमा तोकिएको स्तनपानकक्षमा स्तनपान गराउनुपर्ने र तोकिएको कक्षमा पोशाक परिवर्तन गर्नुपर्नेछ ।

(ङ) व्यवसायस्थलमा आउने सेवाग्राही र कार्यरत अन्य सहकर्मीप्रति शिष्ट, मर्यादित र अनुशासित आचरण प्रदर्शन गर्नुपर्नेछ।

(च) व्यवसायस्थलमा प्रचलित कानून विपरितका कुनै पनि गतिविधि गर्न पाइने छैन ।

परिच्छेदः तीन

## पूर्ण समय सञ्चालित बजार क्षेत्रको सुरक्षा व्यवस्था

७. **व्यवसायस्थलको आन्तरिक सुरक्षा व्यवस्थाः** (१) पूर्ण समय व्यवसाय सञ्चालनका लागि तोकिएको स्थानमा व्यवसाय गर्ने व्यवसायीले व्यवसायस्थलको आन्तरिक सुरक्षा व्यवस्था देहाय बमोजिम मिलाउनु पर्नेछ,-

(क) सामान्यतया व्यवसायीले आफ्नो व्यवसायस्थलको आन्तरिक सुरक्षाको भरपर्दो प्रबन्ध आफै मिलाउनुपर्नेछ।

(ख) व्यवसायस्थलभित्र र परिसर वरपर समेतको निगरानी हुने गरी प्रचलित कानूनी व्यवस्थामा तोकिए बमोजिमको अवधिभरको अभिलेख सुरक्षित रहने गरी सीसीक्यामेराको व्यवस्था गर्नुपर्नेछ।

(ग) व्यवसायस्थलमा हुलहुज्जत, तोडफोड, लुटपाट, आगजानी भएमा वा हुने सम्भावना विद्यमान रहेमा अविलम्व नजिकको प्रहरीलाई सूचना उपलब्ध गराउनुपर्नेछ।

(घ) व्यवसायस्थल परिसरभित्र तथा आगमन र प्रस्थान हुने कम्तीमा १०० मिटरसम्मको सडक र आसपासका क्षेत्रहरूमा आवश्यक मात्रामा स्थानीय तहसँगको जानकारी वा सहकार्यमा बत्तीको व्यवस्था मिलाई आवतजावत गर्न सजिलो हुने प्रबन्ध मिलाउनुपर्नेछ।

(ङ) आवश्यकता अनुसार अग्नि नियन्त्रण (Fire Extinguisher) सामग्रीको व्यवस्था गरेको हुनुपर्नेछ।

(च) आन्तरिक सुरक्षाको लागि परिचय पत्रसहितको रजिष्टर्ड कम्पनीबाट तालिम प्राप्त सुरक्षा गार्डको व्यवस्था गर्नुपर्नेछ।

(छ) आपत् परेको अवस्थामा आपत्कालीन द्वार प्रयोग गरी सहज तरिकाले बाहिर आउने प्रबन्ध मिलाउनुपर्नेछ।

(ज) सम्बन्धित निकायले अनुसन्धानको क्रममा माग गरेको प्रमाण तथा विवरण अविलम्व उपलब्ध गराउनुपर्नेछ।

(झ) प्रचलित कानून बमोजिम शुल्क लिएर प्रवेश गराउने पूर्ण मनोरञ्जनात्मक व्यवसायस्थलको प्रवेशद्वारमा डिजिटल सुरक्षा उपकरण समेत राख्नु पर्नेछ ।

(२) **बजारको सुरक्षा व्यवस्थाः** स्थानीय प्रशासनले पूर्ण समय व्यवसाय सञ्चालनका लागि तोकिएको स्थानमा सञ्चालित बजार क्षेत्रको सुरक्षा व्यवस्था देहाय बमोजिम मिलाउनु पर्नेछ,-

(क) पूर्ण समय तोकिएको स्थानमा सञ्चालनमा रहने बजार क्षेत्रको विद्यमान सुरक्षा चुनौती विश्लेषणका लागि सूचना संकलन, विश्लेषण र सम्प्रेषण गर्नुपर्नेछ।

(ख) प्राप्त सूचना समेतका आधारमा त्यस्ता बजार क्षेत्रको पूर्ण समयको एकीकृत सुरक्षा योजना तयार गरी कार्यान्वयन गर्नुपर्नेछ।

(ग) एकीकृत सुरक्षा योजना बमोजिम आवश्यकता अनुसार बजार क्षेत्रभित्र गस्ती, पेट्रोलिङ, पिकेटिङ, चेकजाँच आदिलाई प्रभावकारी रूपमा परिचालन गर्नुपर्नेछ।

(घ) तोकिएको बजार क्षेत्र हेर्ने प्रहरी इकाईले सो क्षेत्रमा सञ्चालित व्यवसायसँग सम्बन्धित संघ संस्थाहरूसँगको समन्वयमा व्यवसायस्थलको आन्तरिक सुरक्षा प्रबन्ध समेतको नियमित निगरानी एवं जानकारी लिनुपर्नेछ।

(ङ) तोकिएको बजार क्षेत्र हेर्ने प्रहरी इकाईले सो क्षेत्रमा हुन सक्ने सम्भावित आपराधिक घटनाहरूको नक्सांकन गरी सोही बमोजिम सुरक्षा सतर्कता र निगरानी बढाई अपराध नियन्त्रण गर्नुपर्नेछ।

(च) सम्वन्धित स्थानीय तहको नगर प्रहरीले सम्वन्धित प्रहरी इकाईसँगको आपसी समन्वयमा पूर्ण समयमा सञ्चालनमा आउने बजार क्षेत्रको नियमित अनुगमन गरी सुरक्षा व्यवस्था मिलाउनु पर्नेछ।

(छ) बजार क्षेत्रभित्र सवारी साधन आवागमनलाई सहज बनाउन सम्बन्धित ट्राफिक प्रहरी कार्यालयले सरोकारवालाहरुसँग समन्वय गरी नियमित रूपमा अनुगमन गरी आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

(ज) बजार क्षेत्रको एकीकृत सुरक्षा योजना बमोजिम सबै सुरक्षा निकायको आपसी समन्वय समेतका आधारमा सो क्षेत्रको भरपर्दो र त्रुटिरहित सुरक्षा प्रबन्ध मिलाउनुपर्नेछ।

(झ) सडक बालबालिका, मगन्ते तथा लागु पदार्थ दुर्व्यसनीहरूले बजार क्षेत्रमा अमर्यादित तथा अपराधिक क्रियाकलाप गर्ने, पर्यटक, पैदलयात्री तथा व्यवसायीलाई अनावश्यक दुख झन्झट दिने, चोरी तथा ठगी गर्ने जस्ता गतिविधिलाई नियन्त्रण गर्नुपर्नेछ।

(ञ) बजार क्षेत्रका सडकमा अस्वभाविक तथा अमर्यादित व्यवहार प्रदर्शन गर्ने वा आवासिय क्षेत्रभित्रका सडक गल्लीमा यौनजन्य व्यवहार झल्किने गरी अमर्यादित गतिविधि गर्ने वा आवासिय क्षेत्रमा प्रवेश गरी सडकमा दिशापिसाव गर्ने, होहल्ला तथा सार्वजनिक शान्ति भङ्ग हुने किसिमका हर्कतलाई नियन्त्रण गर्नुपर्नेछ।

परिच्छेदः चार

## पूर्ण समय सञ्चालित व्यवसायको अनुगमन व्यवस्था

८. **अनुगमन तथा समन्वय समितिः** (१) आचारसंहिता एवं मापदण्ड बमोजिमका कार्यहरू भए नभएको विषयमा अनुगमन, समन्वय, सहजीकरण, नियमन तथा प्रतिवेदन गर्ने प्रयोजनका लागि देहायको अनुगमन तथा समन्वय समिति रहनेछ,-

| | |
|---|---|
| सहायक प्रमुख जिल्ला अधिकारी (प्रशासन हेर्ने) | अध्यक्ष |
| प्रहरी उपरीक्षक, जिल्ला प्रहरी परिसर | सदस्य |
| सशस्त्र प्रहरी नायब उपरीक्षक, नं. १८ गण निलबाराही | सदस्य |
| राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालयका प्र.अ.अ. | सदस्य |
| सम्वन्धित वडाको वडा अध्यक्ष | सदस्य |
| सम्बन्धित स्थानीय तहको नगर प्रहरी नायब उपरीक्षक | सदस्य |
| सम्बन्धित बजार क्षेत्रमा क्रियाशील व्यवसायीहरूको छाता संगठनको अध्यक्ष | सदस्य |

(२) अनुगमन तथा समन्वय समितिमा विषय विज्ञता एवं प्रतिनिधित्वका आधारमा आवश्यकता अनुसार सम्वन्धित विषयक्षेत्र हेर्ने व्यक्ति, निकाय वा संघसंस्थाको प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ।

(३) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) तोकिएको स्थानमा मापदण्डको परिपालना भए नभएको विषयमा निरीक्षण, अनुगमन गर्ने।

(ख) तोकिएका बजार क्षेत्रमा व्यवसाय गर्ने व्यवसायीहरूको संघसंस्था, उपभोक्ता हित संरक्षणसँग सम्बन्धित संस्था, नागरिक समाज, सञ्चारकर्मी, स्थानीय राजनीतिक नेतृत्व, स्थानीय जनप्रतिनिधि र स्थानीय बासिन्दासँग समेत आवश्यकता अनुसार समन्वय गर्ने।

(ग) तोकिएको स्थानमा रहेका व्यवसायको शान्तिसुरक्षाको अवस्था र व्यवसाय सञ्चालनमा रहेका अवरोधहरूलाई पहिचान गरी समाधान गर्ने।

(घ) शान्तिसुरक्षा व्यवस्थाका लागि लिइनुपर्ने निर्णयका विषयमा जिल्ला सुरक्षा समितिलाई सुझाव दिने।

(ङ) अनुगमनका क्रममा आचारसंहिता पालना नभएको देखिएमा प्रचलित कानून बमोजिम कारवाही गर्न सिफारिस गर्ने।

(४) समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्न सक्नेछ।

(५) बजार क्षेत्रका व्यवसायीहरूको संघसंस्थाले व्यवसायस्थलको आन्तरिक सुरक्षा प्रबन्ध र बजार क्षेत्रको सुरक्षा अवस्था समेतको लेखाजोखा गरी अनुगमन तथा समन्वय समितिलाई सुझाव एवं पृष्ठपोषण दिनुपर्नेछ।

परिच्छेदः पाँच

## बजार क्षेत्र व्यवस्थापन

९. **बजार क्षेत्र व्यवस्थापनको जिम्मेवारीः** (१) यस मापदण्ड बमोजिम तोकिएका बजार क्षेत्रलाई मर्यादित, व्यवस्थित र सुरक्षित तबरबाट सञ्चालन गर्ने गराउने कार्यलाई प्रभावकारी रूपमा व्यवस्थापन गर्न र अनुगमन तथा समन्वय समिति एवं प्रमुख जिल्ला अधिकारीलाई सहयोग तथा पृष्ठपोषण गर्नका लागि सम्बन्धित बजार क्षेत्रमा क्रियाशील व्यवसायीहरूको छाता संगठनले देहाय बमोजिमको भूमिका निर्वाह गर्नुपर्नेछः

(क) बजार क्षेत्रलाई मर्यादित, व्यवस्थित र सुरक्षित बनाउन सबै सरोकारवाला निकायहरूसँग आवश्यक सहयोग, समन्वय र सहकार्य गर्ने।

(ख) तोकिएको बजार क्षेत्रमा अवस्थित सबै किसिमका व्यवसाय गर्ने व्यवसायीहरूसँगको आपसी समन्वयमा रात्रिकालीन समयमा समेत व्यवसाय सञ्चालन गर्ने गराउने व्यवस्था मिलाउने।

(ग) सम्वन्धित स्थानीय सरकार, प्रदेश सरकार र नेपाल सरकारसँगको समन्वय तथा सहकार्यमा बजार क्षेत्रमा सीसी क्यामेरा, व्यवसायस्थल एवं सडकमा पर्याप्त सडक बत्तीको व्यवस्था, सरसफाईको व्यवस्था, व्यवसायस्थल, परिसर, फुटपाथ, सडक एवं खुल्लास्थानको सौन्दर्यीकरण गर्ने र नियमित मर्मत सम्भारको व्यवस्था समेत मिलाउने।

(घ) बजार क्षेत्रभित्र सञ्चालनमा रहेका व्यवसायीहरूको हकहित संरक्षणका लागि आवश्यक समन्वय गर्ने र बजार क्षेत्रका जुनसुकै समस्याहरूलाई पहिचान गरी समाधान गर्ने र समाधान हुन नसकेमा अनुगमन तथा समन्वय समिति सक्षम प्रतिवेदन गर्ने।

(ङ) रात्रिकालीन समयमा बजार क्षेत्रमा यातायातको व्यवस्थापनका लागि सरोकारवाला निकायहरूसँग समन्वय गरी भरपर्दो व्यवस्था मिलाउन भूमिका खेल्ने।

(च) बजार क्षेत्रको शान्तिसुरक्षा तथा अपराध नियन्त्रणका लागि प्राप्त सूचना तथा सुझावहरू अनुगमन तथा समन्वय समितिमार्फत जिल्ला सुरक्षा समितिलाई दिने।

(छ) बजार क्षेत्रमा वस्तु तथा सेवाको मूल्य, गुणस्तर तथा परिमाणमा कुनै पनि किसिमको ठगी हुन नदिने गरी आन्तरिक नियन्त्रण प्रणालीलाई दरबिलो बनाउने।

(ज) बजार क्षेत्रमा बसोबास गर्ने व्यक्ति, स्थानीय बासिन्दा, पर्यटक आदिको व्यक्तिगत स्वतन्त्रता एवं हक अधिकारमा आँच आउन नदिने गरी व्यवसाय गर्ने कुराको सुनिश्चितता गर्ने।

(झ) यो आचारसंहिता एवं मापदण्डको पूर्ण परिपालना गर्ने गराउने। मापदण्डको परिपालना नभएको देखिएमा प्रचलित कानून बमोजिम कारवाहीका लागि अनुगमन तथा समन्वय समितिलाई जानकारी गराउने।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय काठमाडौं

## परिच्छेदः छ

## विविध

**१०. व्यवसायस्थलको सरसफाईः**

(१) व्यवसायीले व्यवसायस्थल र परिसरमा प्रचलित कानूनले तोकेका सरसफाई सम्बन्धी मापदण्डको पालना गर्नुपर्नेछ ।

(२) व्यवसायस्थलको सरसफाई गर्ने मुख्य दायित्व सम्बन्धित व्यवसायीको हुनेछ। व्यवसायस्थल र परिसरको नियमित सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गर्नुपर्नेछ।

(३) बजार क्षेत्रको नियमित सरसफाईका लागि सम्बन्धित स्थानीय तहले उचित समन्वय एवं प्रबन्ध मिलाउनु पर्नेछ।

**११. यातायात व्यवस्थाः** (१) बजार क्षेत्रमा वस्तु तथा सेवा प्राप्तिका लागि आउने सेवाग्राही, श्रमिक एवं आगन्तुकहरूको सुबिधाका लागि देहाय अनुसार यातायात तथा ट्राफिक व्यवस्थापन गर्नु पर्नेछः-

(क) बजार क्षेत्र भई सञ्चालनमा रहेका नगर बसहरूले आवश्यकता अनुसार रात्रिकालीन समयमा समेत यातायातका साधन सञ्चालन गरी सो क्षेत्रमा आवागमन गर्ने नागरिकलाई यातायातको सहज सुबिधा उपलव्ध गराउनु पर्नेछ।

(ख) बजार क्षेत्रमा सञ्चालनमा रहेका मिटर ट्याक्सीले रात्रिकालीन समयमा समेत सो क्षेत्रमा रही तोकिएको भाडादरमा सहज रूपमा सेवा उपलव्ध गराउनु पर्नेछ।

(ग) बजार क्षेत्रमा सेवाग्राहीको अनुरोधका आधारमा प्रचलित कानून अनुसार दर्ता भएका अनलाईन सेवा प्रदत्त सवारी साधनले समेत तोकिएको भाडादरमा सहज रूपमा सेवा उपलव्ध गराउनु पर्नेछ।

(घ) निजी सवारी साधन लिएर आएका सेवाग्राहीहरूको लागि सम्वन्धित व्यवसायी एवं बजार व्यवस्थापन समितिले पार्किङ सुविधाको सुनिश्चितता गर्नुपर्नेछ ।

(ङ) समय समयमा आवश्यकता अनुसार तोकिएको स्थानलाई Vehicle Free Zone बनाई स्थानीय प्रशासनलाई जानकारी दिई Street Festival लगायत पर्यटन प्रबर्द्धन हुने किसिमका विविध कार्यक्रमहरू सञ्चालन गर्न सकिनेछ।

(च) रात्रीको समयमा सवारी चापको अवस्थालाई मध्यनजर गरी ट्राफिक प्रहरीले सम्बन्धित स्थानीय तहसँगको समन्वयमा आवश्यकता अनुसार सडक किनारमा एकतर्फी पार्किङको व्यवस्था मिलाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको यातायात व्यवस्था मिलाउन बजार व्यवस्थापन समितिले ट्राफिक प्रहरीसँग आवश्यक समन्वय र सहजीकरण गर्नु पर्नेछ।

(३) बजार क्षेत्रमा यातायातको समुचित व्यवस्था मिलाउने दायित्व यातायात क्षेत्रका संघसंस्था तथा व्यवसायीहरूको रहनेछ। यसमा सबै सरोकारवालाहरूले आवश्यक समन्वय गर्नु पर्नेछ।

**१२. गुनासो प्राप्ति र सम्बोधनः**

(१) बजार क्षेत्रभित्रको शान्तिसुरक्षाको सम्बन्धमा कुनै गुनासो प्राप्त भएमा स्थानीय प्रशासनले सोको बारेमा बुझी अविलम्ब समन्वय गरी उचित सम्बोधन गर्नुपर्नेछ।

(२) बजार क्षेत्रभित्र सञ्चालित कुनै पनि व्यवसायका सम्बन्धमा व्यवसायी, उपभोक्ता, स्थानीय नागरिक र पर्यटकका तर्फबाट कुनै गुनासो प्राप्त भएमा स्थानीय प्रशासनले सम्बन्धित दुवै पक्षलाई बुझी आवश्यक समन्वय गरी सम्बन्धित निकायमार्फत गुनासोको उचित सम्बोधन गर्नु गराउनुपर्नेछ।

**१३. श्रमिकको उजुरी एवम् कारवाहीः** (१) यस मापदण्डमा उल्लिखित निषेधित कार्यबाट कुनै श्रमजीवी पीडित भएमा वा पीडित हुने आशंका भएमा पीडित आफैले वा सोको बारेमा जानकारी प्राप्त गर्ने जोसुकैले दफा १४ बमोजिमको समिति समक्ष वा नजिकको प्रहरी कार्यालयमा आफूले देखे सुने जानेको सम्पूर्ण कुरा खुलाई उजुरी दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रहरी कार्यालयमा उजुरी परेमा सम्बन्धित प्रहरी कार्यालयले तत्काल पीडितको स्वास्थ्य एवम् सुरक्षाको प्रबन्ध गरी प्राप्त उजुरी उपर आवश्यक कारवाही अगाडि बढाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको उजुरीको कारवाही गोप्य हुनेछ र कुनै तथ्य प्रकाशन गर्नु परेमा अनुगमन तथा समन्वय समितिको अनुमतिमा परिवर्तित नामबाट मात्र प्रकाशित गर्नुपर्नेछ ।

(४) यस दफा बमोजिम उजुरी उपर छानविन गर्दा कर्मचारी वा कामदारउपर गर्न नहुने काम गरेको पाइएमा त्यस्तो कार्य रोक्न व्यवसायीलाई आवश्यक निर्देशन दिन सकिनेछ र त्यसरी दिईएको निर्देशनको पालना गर्नु सम्बन्धित व्यवसायीको कर्तव्य हुनेछ ।

(५) व्यवसायीले आचारसंहिता एवं मापदण्डको पूर्ण परिपालना नगरेमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

(६) व्यवसायले मापदण्ड पालना नगरेको गुनासो दफा १४ बमोजिमको समितिले छानविन गरी आवश्यक निर्णय लिनेछ ।

(७) यस मापदण्डको कार्यान्वयन भए नभएको सम्बन्धमा समितिले समय समय अनुगमन गरी आवश्यक कारबाही अगाडि बढाउनेछ।

**१४. स्थानीय बासिन्दाको अधिकार र दायित्वः** पूर्ण समय व्यापार व्यवसाय सञ्चालन गर्नको लागि तोकिएको स्थानका स्थानीय बासिन्दाको अधिकार र दायित्व देहाय बमोजिमको हुनेछः

अधिकार:

(१) पूर्ण समय सञ्चालन हुने स्थानीय बजार क्षेत्रमा मर्यादित, व्यवस्थित र सुरक्षित वातावरणको सुनिश्चितता।

(२) स्थानीय बासिन्दाको घरआँगन, सडक र गल्लीहरूमा हिड्दा डुल्दा आगन्तुक, पर्यटक, सेवाग्राही आदिबाट सभ्य, अनुशासित र मर्यादित व्यवहार प्रदर्शन।

(३) स्थानीय बासिन्दा र होटलमा बास बस्ने पर्यटक समेतलाई ध्वनि प्रदुषण रहित वातावरणमा बस्न पाउने अवस्थाको सुनिश्चितता।

(४) चौबीसै घण्टा शान्ति सुरक्षाको पूर्ण प्रत्याभूति।

दायित्वः

(१) प्रचलित कानून बमोजिम दर्ता भई घरधनीसँग व्यवसाय सञ्चालनका निम्ति सम्झौता गरी यस आचारसंहिता र मापदण्ड अनुरूप चलेका व्यवसायहरूलाई कुनै व्यवधान उत्पन्न नगरी सहज रूपमा सञ्चालन गर्ने वातावरण निर्माण गरी सहयोग गर्ने।

(२) आचारसंहिता र मापदण्ड उल्लंघन भएको भेटिएमा वा शान्ति सुरक्षा उपलब्ध गराउनुपर्ने अवस्था देखिएमा तत्काल नजिकको प्रहरी वा अनुगमन तथा समन्वय समितिलाई जानकारी दिने ।

(३) बजार क्षेत्रमा क्रियाशील व्यवसायीहरूको छाता संगठनलाई आवश्यक सहयोग र सहजीकरण गर्ने।

(४) पूर्ण समयमा व्यवसाय सञ्चालनका लागि घरधनीका तर्फबाट कुनै पूर्वाधार निर्माण गर्नुपर्ने भए सो गरिदिने।

१५. **आपतकालीन सेवाः** पूर्ण समय व्यवसाय सञ्चालन हुने तोकिएका क्षेत्रमा संघ, प्रदेश र स्थानीय तहको समन्वयमा आपतकालीन सेवाहरूलाई चौबिसै घण्टा सतर्क एवं तयारी अवस्थामा राख्ने व्यवस्था मिलाउनुपर्नेछ।

१६. **उपसमिति गठन गर्न सक्नेः** अनुगमन तथा समन्वय समितिले यस मापदण्डको पालना गराउने तथा उजुरी छानवीन गर्ने प्रयोजनका लागि आवश्यकतानुसार समितिका सदस्यहरूमध्येबाट उपसमिति गठन गर्न सक्नेछ र त्यस्तो उपसमितिको कार्य क्षेत्रगत शर्त अनुगमन तथा समन्वय समितिले तोके बमोजिम हुनेछ ।

१७. **अधिकार प्रत्यायोजन गर्न सक्नेः** अनुगमन तथा समन्वय समितिले आफूलाई प्राप्त अधिकार समितिको कुनै सदस्य वा उपसमिति बनाई प्रत्यायोजन गर्न सक्नेछ ।

१८. **अनुगमन गर्नुपर्नेः** अनुगमन तथा समन्वय समितिले अनुगमन गर्दा कार्यविधिको अनुसूची १ बमोजिमको निवेदनमा उल्लिखित सूचकहरू समेतको आधारमा गर्नुपर्नेछ ।

१९. **निर्देशन दिन सक्ने:** प्रमुख जिल्ला अधिकारीले अनुगमन तथा समन्वय समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

२०. **कानून बमोजिम कारबाही हुने:** यस आचारसंहिता एवं मापदण्डमा उल्लिखित कुराहरूको परिपालना र कार्यान्वयन गर्नु सम्वन्धित पक्षको जिम्मेवारी हुनेछ। कोही कसैबाट आचारसंहिता एवं मापदण्ड उल्लंघन भएमा वा सो विपरीतका कामकारबाही भएमा सम्वन्धित कानून बमोजिम कारबाही हुनेछ। आचारसंहिता एवं मापदण्डका निम्ति आकर्षित हुने मुख्य मुख्य ऐन र सो अन्तरगत बनेका नियमावलीहरू देहाय बमोजिम रहेका छन:

- अन्तःशुल्क ऐन, २०५८ तथा नियमावली, २०५९
- आयकर ऐन, २०५८ तथा नियमावली, २०५९
- उपभोक्ता संरक्षण ऐन, २०७५ तथा नियमावली, २०७६
- कम्पनी ऐन, २०६३
- पर्यटन ऐन, २०३५
- बालबालिका सम्बन्धी ऐन, २०७५ तथा नियमावली, २०७८
- मदिरा ऐन, २०३१ तथा नियमहरू, २०३३
- मुलुकी अपराध संहिता, २०७४
- मुलुकी फौजदारी संहिता, २०७४
- मूल्य अभिवृद्धि कर ऐन, २०५२ तथा नियमावली, २०५३
- राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२
- लागू औषध नियन्त्रण ऐन, २०३३
- सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ तथा नियमावली, २०५४
- स्थानीय प्रशासन ऐन, २०२८
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- हातहतियार खरखजना ऐन, २०१९ तथा नियमावली, २०२८
- होटेल व्यवस्था तथा मदिराको बिक्री वितरण (नियन्त्रण) ऐन, २०२३
- सम्बन्धित स्थानीय सरकारका आर्थिक ऐन तथा करसम्बन्धी कानूनहरू

२१. **बाधा अड्काउ फुकाउन सक्ने:** यस आचारसंहितामा उल्लेखित कुनै व्यवस्था कार्यान्वयन गर्ने सन्दर्भमा कुनै द्विविधा उत्पन्न हुन गएको अवस्थामा जिल्ला सुरक्षा समितिको निर्णय बमोजिम बाधा अड्काउ फुकाउन सकिनेछ।